# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**

(ADDC/N)

1994


Ref. No.:- २६९/०६४/०६५

Date :- २०६५/३/२४

## प्रेस विज्ञप्ति

तत्कालीन अन्तरिम विधायिका संसदका माननीय सदस्यहरुलाई भौतिक सामान खरिद, स्थानीय पूर्वाधार निर्माण लगायत स्थानीय विकासमा खर्च गर्न पाउने गरी सांसद विकास कोषमार्फत रु.१० लाख उपलब्ध गराउने सरकारको निर्णयका सम्वन्धमा मिति २०६५/३/११ गतेका दिन श्री सर्वोच्च अदालतबाट उल्लेखित रकम फुकुवा गर्ने आदेशलाई आधार मान्दै यस आ.व.को हकमा असार २५ गतेसम्म खर्च गरिसक्ने गरी बजेट निकासा र योजना कार्यान्वयन भईरहेको तर्फ जिल्ला विकास समिति महासंघ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

स्थानीय विकासका नाममा सर्बोच्चबाट आदेश भएको मितिले लगभग १३ दिनभित्रै योजना छनौट, कार्यान्वयन गर्ने अनुपयुक्त र अपारदर्शी कार्यविधि अपनाई संसद विकास कोषमार्फत मनोमानी खर्च गर्ने पद्धति स्थानीय स्वायत्त शासनका मान्य सिद्धान्त, जनसहभागितामूलक स्थानीय योजना तर्जुमा तथा कार्यान्वयनको विपरित भएको हुँदा जिल्ला बिकास समिति महासंघ नेपाल यसको विरोध गर्दछ ।

साथै संविधानसभाको पहिलो बैठक पश्चात अस्तित्वमा नै नभएको अन्तरिम विधायिक संसद र त्यसका माननीय सदस्यलाई उपलब्ध भएको रकम हाल खर्च नगर्न नगराउन हुन र जिल्ला विकास समितिमा निकासा भईसकेको रकम फिज नगरी जिल्ला विकास कोषमा दाखिल गर्ने र जिल्ला परिषदको निर्णय अनुसारको कार्यक्रममा खर्च गर्ने व्यवस्था गर्नु गराउनु हुन समेत सम्बन्धित सबैमा आव्हान गर्दछ ।

ऋषिराज लुम्साली
अध्यक्ष
जिविस महासंघ नेपाल